# त्रिभुवन विश्वविद्यालय बुलेटिन
# Tribhuvan University Bulletin

वर्षः-४० २०६४ साउन अङ्क :- १


## त्रिविको ४८औं वार्षिकोत्सव सम्पन्न

काठमाडौं। त्रिभुवन विश्वविद्यालयको ४८ औं वार्षिकोत्सव त्रिविका सहकुलपति शिक्षा तथा खेलकुदमन्त्री प्रदीप नेपालको प्रमुख आतिथ्यमा साउन ७ गते मनाइयो ।

सो अवसरमा छोटो मन्तव्य दिँदै मन्त्री नेपालले त्रिवि जस्तो विशुद्ध प्राज्ञिक संस्थालाई राजनीतिक हस्तक्षेपबाट मुक्त राख्नु पर्छ भन्ने आफ्नो मान्यता रहेको

गरेपछि देशका लागि आवश्यक सबै विषय पढाउने जिम्मेवारी पाएको त्रिविले अब यी विषयहरू पढाउन पाउने हो वा होइन भन्ने स्पष्ट हुनुपर्ने बताउनुभयो ।



**त्रिविका सहकुलपति शिक्षा तथा खेलकुदमन्त्री प्रदीप नेपाल त्रिविको ४८औं वार्षिकोत्सवको उपलक्ष्यमा त्रिवि स्थापनाको शिलापत्रमा पुष्पगुच्छा अर्पण गर्नुहुँदै। साथमा उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा र सेवा आयोगका अध्यक्ष प्रा.डा.शौभाग्यजंग कार्की हुनुहुन्छ। तस्वीरः त्रिवि सूचना शाखा।**

उक्त अवसरमा मन्त्री नेपालले कीर्तिपुरस्थित स्मृति भवनमा नेपाल र त्रिविको झन्डोत्तोलन गर्नुका साथै त्रिवि स्थापनाको शिलापत्रमा पुष्पगुच्छा अर्पण गर्नुभएको थियो ।

सोही अवसरमा उहाँलाई त्रिविको वर्तमान स्थितिबारे जानकारी गराइएको थियो ।

र यो मान्यतालाई संस्थागत गर्न मन्त्रालय गृहकार्यमा लागेको बताउनुभयो ।

कार्यक्रममा त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले अर्थमन्त्रीद्वारा प्रस्तुत चालू वर्षको बजेटमा त्रिविका कृषि तथा पशुविज्ञान अध्ययन संस्थान र वनविज्ञान अध्ययन संस्थानलाई छुट्टै विश्वविद्यालय बनाउने भनी व्यवस्था

योजना महाशाखाका प्रमुख प्रह्लादराज पन्तले सो अवसरमा त्रिविबारे विविध जानकारी प्रस्तुत गर्नुभएको थियो ।

वार्षिकोत्सव कार्यक्रममा त्रिविका विभिन्न अध्ययन संस्थान र संकायका डीन, अनुसन्धान केन्द्रका कार्यकारी निर्देशक, क्याम्पस प्रमुखलगायत त्रिविका विभिन्न निकायका अधिकारीहरूको उपस्थिति रहेको थियो ।

# अंग्रेजीका शिक्षकहरूको योगदान महत्त्वपूर्ण

काठमाडौं। त्रिभुवन विश्वविद्यालय अंग्रेजी केन्द्रीय विभागमा अध्ययनरत विद्यार्थीहरूद्वारा गठित पूर्वेली विद्यार्थी समाजले सो विभागमा लामो समयसम्मको सेवापछि उमेरको हदले अवकाश पाउनुभएका प्रा.डा. अभि सुवेदी, प्रा.डा. श्रीधर लोहनी र प्रा. आनन्द श्रेष्ठको सम्मानमा साउन १४ गते एक विदाइ समारोहको आयोजना गऱ्यो ।

गुरूपूर्णिमाको अवसर पारेर आयोजना गरिएको सो समारोहमा प्रमुख अतिथिको आसनबाट त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले डा. सुवेदी, डा. लोहनी र प्रा. श्रेष्ठको अभिनन्दन गर्नुभएको थियो भने विभागका विद्यार्थीहरूले उहाँहरूलाई पुष्पगुच्छाका साथै उपहार प्रदान गरेका थिए ।



त्रिविका उपकुलपति प्रा.डा माधवप्रसाद शर्मा अंग्रेजी केन्द्रीय विभागका प्रा.डा. अभि सुवेदीलाई सम्मान गर्नुहुँदै । तस्वीरः त्रिवि सूचना शाखा ।

समारोहलाई सम्बोधन गर्दै उपकुलपति प्रा.डा. शर्माले अंग्रेजी विषयका शिक्षकहरूले विभागलाई मात्र नभएर त्रिविलाई नै गुन लगाएको र त्रिविको प्रतिष्ठा अभिवृद्धिमा उहाँहरूको ठूलो योगदान रहेको बताउनुभयो ।

त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्कीको पनि उपस्थिति रहेको सो कार्यक्रममा अंग्रेजी केन्द्रीय विभागका प्रमुख डा. कृष्णचन्द्र शर्माले डा. सुवेदी, डा. लोहनी र प्रा. श्रेष्ठजस्ता प्रतिभाशाली शिक्षकहरूको रिक्तता विभागमा सधैं खट्किरहने बताउनुभयो ।

सेवानिवृत्त हुनुभएका डा. सुवेदीले कक्षाकोठा भनेको विद्यार्थीका लागि मात्रै नभई शिक्षक स्वयंका लागि पनि नयाँ ज्ञान पाउने र आफूलाई अद्यावधिक गर्ने थलोको रूपमा आफूले पाएको अनुभव सुनाउँदै भन्नुभयो- ‘विद्यार्थीका लागि शिक्षकले धेरै मिहिनेत गरेका हुन्छन्, विद्यार्थीहरूले पनि गरेका हुन्छन्, त्यसैले शिक्षाको सफलता दुवैको साझा प्रयासमा निर्भर छ ।’

त्यसैगरी अवकाश प्राप्त अर्का शिक्षक प्रा. श्रेष्ठले त्रिविको नियमित सेवाबाट आफू अब विदा हुने भए तापनि त्रिविसँग आफ्नो भावनात्मक सम्बन्ध सधैं कायमै रहने बताउनुभयो ।

प्रा.डा. दुर्गाप्रसाद भण्डारी, प्रा. रामेश्वर अधिकारी, स्ववियु सभापति भीम श्रीस, पूर्वेली विद्यार्थी समाजका अध्यक्ष बुद्धि राउत, शिक्षक रमेश थापालगायतले बोल्नुभएको सो कार्यक्रम प्रकाश पौडेलको सभापतित्वमा भएको थियो ।

# नेपाली खेलाडी टोली थाइल्यान्ड प्रस्थान

काठमाडौं। थाइल्यान्डको राजधानी बैंककमा हुने वर्ल्ड युनिभर्सिटी खेलकुद प्रतियोगितामा भाग लिन त्रिभुवन विश्वविद्यालयको तीन सदस्यीय टोली साउन १८ गते त्यसतर्फ प्रस्थान गऱ्यो । सो टोलीलाई त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले शुभकामनासहित विदाइ गर्नु भएको थियो ।

टोलीमा त्रिविका विद्यार्थीद्वय महेन्द्ररत्न क्याम्पस ताहाचलका रामचन्द्र जोशी र भक्तपुर बहुमुखी क्याम्पसकी हरिदेवी राजलवट खत्री रहनुभएको छ भने टोलीको नेतृत्व त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद शाखाका प्रमुख गंगाबहादुर मगरले गर्नुभएको छ।

सो प्रतियोगितामा त्रिविका खेलाडी दुवैले हाफ म्याराथुनमा भाग लिने भएको छ ।

प्रत्येक दुई वर्षमा आयोजना हुने सो प्रतियोगितामा यस वर्ष १ सय ७० देशका विश्वविद्यालय टिम सहभागी छन् ।



थाइल्यान्डमा आयोजित वर्ल्ड युनिभर्सिटी खेलकुद प्रतियोगितामा भाग लिन जान लागेको त्रिविको विद्यार्थी टोलीलाई विदाइ गर्नुहुँदै उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा ।

तस्वीरः त्रिवि सूचना शाखा ।

# अनुसन्धान केन्द्रको गतिविधि बढाउनु पर्नेमा जोड

काठमाडौं । त्रिवि नेपाल तथा एसियाली अनुसन्धान केन्द्र (सिनास)को ३५औं वार्षिकोत्सव एक समारोहको आयोजना गरी साउन १ गते मनाइयो ।

समारोहमा प्रमुख अतिथिको आसनबाट उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले सम्बोधन गर्दै त्रिविमा रहेका ४ वटा अनुसन्धान केन्द्रको गतिविधि विगत केही समयदेखि तुलनात्मकरूपमा घटेकोमा चिन्ता व्यक्त गर्दै त्रिविको पठन पाठनलाई समसामयिक तथा गुणस्तरीय बनाउन सहयोग



**सिनासको वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा (बीचमा) । साथमा त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्की (बायाँ) र सिनासका कार्यकारी निर्देशक डा. निर्मलमान तुलाधर ।** (तस्वीरः त्रिवि सूचना शाखा ।

पुऱ्याइरहेका यी अनुसन्धान केन्द्रहरूको क्रियाशीलता अझ बढाउन सबै गम्भीर हुनु आवश्यक छ भन्नुभयो ।

विश्वविद्यालयलाई अनुसन्धान अति आवश्यक छ भन्दै उहाँले सिनासले प्रकाशन गर्दै आएको अनुसन्धानसम्बन्धी जर्नलले अन्तर्राष्ट्रिय नाम कमाउन सकेकोमा खुशी व्यक्त गर्नुभयो ।

अहिलेको संसार बजारउन्मुख रहेकाले त्रिविले पनि यस अनुकूलका उत्पादन गर्नुपर्ने परिप्रेक्ष्यमा अनुसन्धान केन्द्रहरूले पनि प्रतिस्पर्धामा उत्रेर बजारमा खपत हुने खालका अनुसन्धानलाई प्राथमिकता दिनु पर्छ भन्नुभयो ।

कार्यक्रममा सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्कीले समाज विकसित नभइकन अनुसन्धानको अनिवार्यता बोध नहुने गरेको बताउदै मुलुक २१ औं शताब्दीमा पुगिसकेको अवस्थामा अब यो अनुसन्धानको पाटोलाई ओझेलमा पर्न दिन हुँदैन भन्नुभयो ।

सिनासका कार्यकारी निर्देशक डा. निर्मलमान तुलाधरले सभापतिको आसनबाट बोल्दै सिनाससँग राम्रा राम्रा अनुसन्धान आयोजनाहरू रहेका भए तापनि केन्द्रमा कार्यरत अनुसन्धानकर्ताहरूको पदोन्नति समयमा नहुँदा ती अनुसन्धान संचालन गर्न कठिनाइ परिरहेको बताउनुभयो ।

सिनासका पूर्व कार्यकारी निर्देशक प्रा.डा. तीर्थप्रसाद मिश्रले पनि बोल्नुभएको सो कार्यक्रममा प्रा.डा. डिल्लीराज दाहालले स्वागत मन्तव्य र डा. पंचनारायण महर्जनले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# उपकुलपतिद्वारा खेलकुद प्रतियोगिता उद्घाटन

काठमाडौ । त्रिभुवन विश्वविद्यालयका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा र त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्कीले त्रिवि कर्मचारी संघ केन्द्रीय कार्यालय एकाइ समितिद्वारा त्रिविको ४८ औं वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित कर्मचारीहरूबीच उपत्यकाव्यापी अन्तर क्याम्पस टेबल टेनिस प्रतियोगिता तथा आन्तरिक विविध खेलकुद प्रतियोगिताको साउन १६ गते एक समारोहबीच संयुक्तरूपमा उद्घाटन गर्नुभयो ।

उद्घाटन समारोहमा संघका केन्द्रीय अध्यक्ष शम्भु भट्टराई, एकाइ समितिका सभापति अरुण बल्लभ, खेलकुद समितिका सदस्य सचिव अमिरराज सिन्दुराकार र एकाइका उपसभापति रघुनाथ विष्टले मन्तव्य राख्नुभएको थियो ।

सो एकाइले आन्तरिक प्रतियोगिताअन्तर्गत केन्द्रीय कार्यालयका कर्मचारीबीच चेस, महिला म्युजिकल चेयर र घैंटो फुटाल्ने खेलहरू आयोजना गरेको थियो ।



त्रिविको ४८औं वार्षिकोत्सवको उपलक्ष्यमा कीर्तिपुरमा आयोजित टेवलटेनिस प्रतियोगिताको संयुक्तरूपमा उद्घाटन गर्नुहुँदै उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा र सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्की ।

तस्वीरः त्रिवि सूचना शाखा ।

# विद्यावारिधि उपाधि प्रदान

काठमाडौं । त्रिभुवन विश्वविद्यालयका विभिन्न अध्ययन संस्थान तथा संकायहरुले विभिन्न महानुभावहरुलाई निम्न विषयमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।



**शिवप्रसाद पौड्याल**: मानविकी तथा सामाजिकशास्त्र संकायले शिवप्रसाद पौड्याललाई नेपाली विषयअन्तर्गत ***नेपाली उखानको अध्ययन*** शीर्षकको शोधप्रबन्धमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।



**रुद्रप्रसाद गौतम**: मानविकी तथा सामाजिकशास्त्र संकायले रुद्रप्रसाद गौतमलाई अर्थशास्त्र विषयअन्तर्गत Trade Unionism in Nepal: Its Development and Role शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।



**गोपीलाल न्यौपाने**: मानविकी तथा सामाजिकशास्त्र संकायले गोपीलाल न्यौपानेलाई मानवशास्त्र विषयअन्तर्गत A study of Prevalent Stress and Life Satisfaction Among Five Star hotel Employees in Nepal शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।



**रमेशकुमार श्रेष्ठ**: मानविकी तथा सामाजिकशास्त्र संकायले रमेशकुमार श्रेष्ठलाई राजनीतिशास्त्र विषयअन्तर्गत Nepal-USSR Relations: 1956-91 शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।



**गोविन्दबहादुर तुम्वाहाङ्ग**: मानविकी तथा सामाजिकशास्त्र संकायले गोविन्दबहादुर तुम्वाहाङ्गलाई अंग्रेजी विषयअन्तर्गत A Descriptive Grammer of the Chhatthare Limbu शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ ।



**मोहनप्रसाद पन्थी**: विज्ञान तथा प्रविधि अध्ययन संस्थानले मोहनप्रसाद पन्थीलाई वनस्पतिशास्त्र विषयअन्तर्गत Plant Diversity and Resource Utilization in Arghakhanchi and Manang District, Nepal शीर्षकको शोधप्रबन्धका लागि विद्यावारिधि उपाधि प्रदान गरेको छ । उहाँ वनस्पतिशास्त्र केन्द्रीय विभागका उपप्राध्यापक हुनुहुन्छ ।



**मानदेव भट्ट**: महेन्द्रनगर, कंचनपुरस्थित सिद्धनाथ विज्ञान क्याम्पसका उपप्राध्यापक मानदेव भट्टलाई भारत उत्तर प्रदेशको नैनीतालस्थित कुमाऊँ विश्वविद्यालयले वनस्पतिशास्त्र विषयमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

उहाँलाई Floristic Composition and Certain Ecological Features of Weeds in Relation to Paddy Cultivation in Foothills of Far-Western Nepal शीर्षकको शोधप्रबन्धमा गत अप्रिल महिनामा सो उपाधि प्रदान गरिएको हो ।



**खुमराज पाण्डेय**: बुटवलस्थित लुम्बिनी वाणिज्य क्याम्पसका उपप्राध्यापक खुमराज पाण्डेयलाई भारतको काशी हिन्दू विश्वविद्यालयले नेपाली विषयमा विद्यावारिधि उपाधि प्रदान गरेको छ ।

उहाँलाई ***लीलबहादुर क्षत्रीका आख्यानात्मक कृतिमा निहित सामाजिक यथार्थवाद*** शीर्षकको शोधप्रबन्धका लागि सो उपाधि प्रदान गरिएको हो ।

# उपकुलपतिद्वारा तालिम सहभागीहरूलाई प्रमाणपत्र वितरण

काठमाडौं । त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले केन्द्रीय पुस्तकालयद्वारा आयोजित पुस्तकालय तथा सूचना विज्ञानसम्बन्धी ३५ दिने आधारभूत तालिम कार्यक्रम समापनको अवसरमा साउन २८ गते आयोजित समारोहमा सहभागीहरूलाई प्रमाणपत्र प्रदान गर्नुभयो ।

समारोहलाई सम्बोधन गर्दै उपकुलपति डा. शर्माले पुस्तकालय संचालन गर्ने व्यक्ति तालिम प्राप्त भएमा सेवाग्राहीलाई राम्रो सेवा दिन सकिने बताउनुभयो ।

कार्यक्रममा सभापतिको आसनबाट बोल्दै केन्द्रीय पुस्तकालयका प्रमुख कृष्णमणि भण्डारीले पुस्तकालयको सेवा प्राविधिक भएकाले यहाँ काम गर्ने जनशक्तिलाई प्राविधिक पदमा परिणत गरी प्राविधिक सेवा समूह गठन गर्नुपर्ने धारणा राख्नुभयो ।

पुस्तकालय तथा सूचना विज्ञान केन्द्रीय विभागका प्रमुख श्रीमती निर्मला श्रेष्ठले ५-६ जना शिक्षकबाट १२ वर्ष अगाडि त्रिविमा पुस्तकालय विज्ञानको पढाइ शुरू गरिएको बताउँदै अहिले यस विषयमा स्नातकोत्तर तहको पढाइ संचालन हुन थाल्दा पनि शिक्षण जनशक्ति नबढाइँदा विभागलाई कठिनाइ परेको बताउनुभयो ।

नेपाल पुस्तकालय संघका अध्यक्ष भोला श्रेष्ठ र तालिमका सहभागी प्रतिभा काफ्लेले पनि मन्तव्य राख्नुभएको सो कार्यक्रमको प्रारम्भमा चन्द्रकान्त झाले स्वागत भाषण गर्नुभएको थियो भने चिरञ्जीवी न्यौपानेले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# अनिवार्य अवकाश

त्रिभुवन विश्वविद्यालयको सेवामा रहेका निम्न शिक्षक/कर्मचारीको उमेर निम्न मितिमा ६३ वर्ष पूरा भएकाले उहाँहरूलाई त्रिवि सेवाबाट अनिवार्य अवकाश दिने निर्णय गरिएको छः

| शिक्षक/कर्मचारीको नाम | कार्यालयको नाम | पद | अवकाश लागू मिति |
|---|---|---|---|
| श्री सत्यनारायण भगत | सूर्यनारायण स.मो.यादव ब.क्याम्पस,सिराहा | सह प्राध्यापक | २०६३।३।८ |
| श्रीमती विमला मानन्धर | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | उप प्राध्यापक | २०६३।३।१७ |
| श्री सत्यनारायण यादव | रा.रा.बहुमुखी क्याम्पस,जनकपुर | सह प्राध्यापक | ,, |
| श्रीमती उमा श्रेष्ठ | पाटन संयुक्त क्याम्पस,पाटनढोका | उप प्राध्यापक | २०६३।४।१६ |
| श्री सूर्यमणी विलास | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | सह प्राध्यापक | २०६३।५।१७ |
| श्रीमती पार्वती प्रजापती | सानोठिमी क्याम्पस, सानोठिमी | उप प्राध्यापक | २०६३।६।१५ |
| श्री नारायणप्रसाद दाहाल | महेन्द्र मोरंग आ.ब.क्याम्पस,विराटनगर | सह प्राध्यापक | २०६३।७।५ |
| श्री मणीराम भट्टराई | भैरहवा बहुमुखी क्याम्पस,भैरहवा | उप लाइब्रेरियन | २०६३।७।१५ |
| श्री कैलाशनाथ प्याकुरेल | समाजशास्त्र मानवशास्त्र के.वि.,कीर्तिपुर | प्राध्यापक | २०६३।८।२५ |
| श्री रामेश्वर चापागाई | धनकुटा ब. क्याम्पस, धनकुटा | सह प्राध्यापक | २०६३।८।२६ |
| श्री उपेन्द्रप्रसाद 'कमल' | रा.रा.बहुमुखी क्याम्पस,जनकपुर | सह प्राध्यापक | २०६३।९।१७ |
| श्री शिशिरकुमार स्थापित | शिक्षाशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६३।९।१७ |
| श्री विद्याधर शाक्य | सानोठिमी क्याम्पस,सानोठिमी | सह प्राध्यापक | २०६३।९।१७ |
| श्री कृपानन्द चौधरी | महेन्द्र बहुमुखी क्याम्पस, नेपालगंज | उप प्राध्यापक | २०६३।९।१७ |
| श्रीमती विमला श्रेष्ठ | महाराजगंज क्याम्पस,महाराजंग | प्राध्यापक | २०६३।९।१७ |
| श्री बृजलाल शाह | महेन्द्र मोरंग आ.ब.क्याम्पस,विराटनगर | सह प्राध्यापक | २०६३।९।२१ |
| श्री रामेश्वरप्रसाद बराल | शंकरदेव क्याम्पस,पुतलीसडक | उप प्राध्यापक | २०६३।१०।६ |
| डा. महेन्द्रप्रसाद ठाकुर | रा.रा.बहुमुखी क्याम्पस,जनकपुर | सह प्राध्यापक | २०६३।१०।९ |
| श्री डा. मृगेन्द्रप्रसाद ठाकुर | ,, | ,, | ,, |
| श्री राजेन्द्रप्रसाद चौधरी | त्रिचन्द्र बहुमुखी क्याम्पस,घण्टाघर | ,, | २०६३।१०।१८ |
| श्री शान्ता रिसाल | पाटन संयुक्त क्याम्पस,पाटनढोका | ,, | २०६३।१०।१९ |
| श्री आनन्दप्रसाद श्रेष्ठ | अंग्रेजी केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६३।१०।१९ |
| डा. सुनिलकुमार झा | महेन्द्र विन्देश्वरी ब.क्याम्पस,राजविराज | ,, | २०६३।११।३ |
| डा. हरिदत्त लेखक | वनस्पतिशास्त्र के.विभाग, कीर्तिपुर | ,, | ,, |
| श्रीमती माधुरी श्रेष्ठ | सरस्वती बहुमुखी क्याम्पस,लेखनाथमार्ग | सह प्राध्यापक | २०६३।११।५ |
| श्रीमती रुकमणी राणा | इतिहास केन्द्रीय विभाग,कीर्तिपुर | ,, | २०६३।११।१७ |
| श्रीमती शान्तादेवी मानन्धर | अमृत क्याम्पस, लैनचौर | ,, | २०६३।११।१७ |
| श्रीमती शारदादेवी श्रेष्ठ | ,, | ,, | २०६३।१२।८ |
| श्रीमती विन्धादेवी शर्मा | अमृत क्याम्पस,लैनचौर | ,, | २०६३।१२।१८ |
| श्री वुद्धिराम ठाकुर | रा.रा.बहुमुखी क्याम्पस,जनकपुर | उप प्राध्यापक | २०६३।१२।१९ |
| श्री उपेन्द्रप्रसाद पोखरेल | धनकुटा बहुमुखी क्याम्पस,धनकुटा | सह प्राध्यापक | २०६३।१२।२२ |
| श्री दुर्गा रायमाझी | पाटन संयुक्त क्याम्पस,पाटनढोका | ,, | २०६३।१२।२५ |
| श्री कृष्णराम पालक | रसायनशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | ,, | २०६३।१२।३० |
| डा. सुरेशबहादुर कार्की | प्राणीशास्त्र केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६४।१।३१ |
| डा. कृष्णबहादुर थापा | इतिहास केन्द्रीय विभाग,कीर्तिपुर | प्राध्यापक | २०६४।२।८ |
| डा. प्रेमकुमार खत्री | नेपाली इतिहास सं. तथा पु. के.वि.कीर्तिपुर | ,, | २०६४।२।१० |
| डा. श्रीधरप्रसाद लोहनी | अंग्रेजी केन्द्रीय विभाग,कीर्तिपुर | ,, | २०६४।२।१८ |
| डा. रामवृक्ष साहू | आयुर्वेद क्याम्पस, कीर्तिपुर | प्राध्यापक | २०६४।२।१८ |
| श्री आत्माराम वेरोलिया | रा.रा.बहुमुखी क्याम्पस,जनकपुर | सह प्राध्यापक | २०६४।४।४ |

# जनप्रशासन क्याम्पसको वार्षिकोत्सव सम्पन्न

काठमाडौं। त्रिवि जनप्रशासन क्याम्पसको ३१औं वार्षिक दिवस विविध कार्यक्रम आयोजना गरी साउन १७ गते मनाइयो ।

भलिबल, म्युजिकल चेयर, घैंटो फुटाउने र डोरी तान्ने प्रतियोगिताका विजयी खेलाडीहरूलाई पनि उहाँले पुरस्कार तथा प्रमाणपण वितरण गर्नुभएको थियो ।



त्रिविका उपकुलपति प्रा.डा. माधवप्रसाद शर्मा जनप्रशासन क्याम्पसको वार्षिकोत्सवका उपलक्ष्यमा राष्ट्रिय गानका रचनाकार प्रदीपकुमार राई (व्याकुल माइला)लाई सम्मान गर्नुहुँदै ।

यस उपलक्ष्यमा आयोजित समारोहमा उपकुलपति प्रा.डा. माधवप्रसाद शर्माले क्याम्पसमा उत्कृष्ट सेवा गरेवापत सहप्राध्यापक शिवमणि उपाध्याय र उप प्रशासक श्रीमती इला वैद्यलाई पुरस्कार तथा २५ वर्ष सेवा गरेकी कुचिकार श्रीमती देवकी दाहाललाई क्याम्पस सेवा पदक प्रदान गर्नुभयो ।

त्यसैगरी वार्षिकोत्सवको उपलक्ष्यमा आयोजित हाजिरी जवाफ, यस्तै क्याम्पसमा उत्कृष्ट योगदान पुऱ्याउने सहप्राध्यापकद्वय अर्जुनराज जोशी र डा. टेकनाथ ढकाल, लेखा नियन्त्रक राजुकुमार श्रेष्ठ, टाइपिस्ट 'ख' पुलकित मण्डल र सिनियर बूकचेकर सकुलप्रसाद पौडेललाई स्वतन्त्र विद्यार्थी युनियनका तर्फबाट सम्मान गरिएको थियो ।

समारोहमा राष्ट्रिय गीतका रचनाकार व्याकुल माइला (प्रदीपकुमार राई) का साथै शारीरिकरूपमा अशक्त विद्यार्थीहरूसमेतलाई सम्मान गरिएको थियो ।

समारोहमा प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै उपकुलपति प्रा.डा. शर्माले जनप्रशासन क्याम्पसले जनप्रशासनविद् तयार गर्ने क्रममा कर्मचारी प्रशिक्षित गरेर मुलुकलाई ठूलो गुन लगाएको बताउनुभयो ।

उहाँले विश्वविद्यालयको ज्ञान सिर्जना गर्ने केन्द्र कीर्तिपुर हो, त्यहाँ स्तरीय पुस्तकालयका साथै प्राकृतिकरूपले राम्रो वातावरण पनि भएकाले जनप्रशासन क्याम्पस पनि कीर्तिपुर सरेमा राम्रो हुने धारणा व्यक्त गर्दै जमल व्यापारिक प्रयोजनका लागि उपयुक्त स्थल भएकाले यसैरूपमा यसलाई विकसित गर्नुपर्ने सुझाव दिनुभयो ।

क्याम्पसका निमित्त प्रमुख श्रीमती यशोदा आचार्यले यस क्याम्पसमा सरकारीलगायत विभिन्न कार्यालयमा काम गर्ने कर्मचारी विहान, दिउँसो तथा बेलुकाको सत्रमा पढ्ने हुँदा ती विद्यार्थीका लागि जमलमै स्थायी पठन पाठन हुनुपर्नेमा जोड दिनुभयो ।

त्रिवि सेवा आयोगका अध्यक्ष प्रा.डा. शौभाग्यजंग कार्की तथा त्रिवि प्राध्यापक संघका सभापति शिवप्रसाद मुनकर्मीको पनि उपस्थिति रहेको सो कार्यक्रममा प्रा. कृष्णप्रसाद पोखरेल, उपप्राध्यापक गणेशप्रसाद अधिकारी, क्याम्पस स्ववियु सभापति हरिभक्त शाही, क्याम्पस कर्मचारी एकाइका सभापति कृष्णप्रसाद आम्गाईंलगायतले बोल्नु भएको थियो ।


| | | |
|---|---|---|
| **प्रकाशक** | : | सूचना शाखा, त्रिभुवन विश्वविद्यालय,कीर्तिपुर, फोन नं ४३३०३४६ |
| E-mail | : | tuinformation@yahoo.com |
| **सम्पादक** | : | प्रेमकृष्ण चित्रकार |
| **सहायक सम्पादक** | : | राजेश वज्राचार्य |
| **कम्प्युटर सेटिंग** | : | पद्मरत्न चित्रकार |
| **मुद्रक** | : | त्रि.वि. छापाखाना,कीर्तिपुर, फोन नं. ४३३१३२० र ४३३१३२१ |

**प्रापकः**